**MoU Signing Ceremony between**

**Nepal Infrastructure Bank Limited (NIFRA) and SMEC International Private Limited (A member of the Surbana Jurong (SJ) Group, a Singapore)**

**to develop the Smart City at Panchkhal Municipality**




KATHMANDU: February 15, 2022- Nepal Infrastructure Bank Limited (NIFRA) and SMEC International Private Limited (a member of the Surbana Jurong (SJ) Group, a Singapore-based global urban infrastructure consulting firm) signed a Memorandum of Understanding (MoU) in Kathmandu today for the development of a smart city in Panchkhal Municipality. Chief Executive Officer of NIFRA Mr. Ram Krishna Khatiwada and Country Head of SMEC Mr. Salim Jahan Fahim signed the MoU on behalf of their respective agencies amidst a function here. The senior management of the bank, officials from SMEC and Spokesperson of Panchkhal Municipality Mr. Sanjay Lama were present in the signing ceremony.

The SMEC and NIFRA will handhold to conduct the preliminary studies, initial structuring of project and to exchange best practices on the development of smart cities. NIFRA will provide necessary facilitation and other services to SMEC during the engagement period. Similarly, NIFRA will arrange necessary financing in coordination with other stakeholders as a lead financer for the development of the Smart City after completion of required studies, designs and legal structuring of the project.

Panchkhal Municipality has taken the lead in securing the required land in coordination with landowners in the municipality. Panchkhal Smart City, the first of its kind in Nepal, covers the area of

around 5500 ropani. NIFRA has signed a separate MoU with Panchkhal Muncipality for the development of the smart city.

Meanwhile, NIFRA has signed a contract with a US-based consulting firm Jones Lang LaSalle Property Consultants Private Limited for market study of the proposed Smart City. The company is scheduled to submit its report within eight weeks, outlining viability and broader opportunities of the project.

During signing ceremony, Mr. Ram Krishna Khatiwada (CEO, NIFRA) has reiterated NIFRA's commitment on developing the next generation smart city in Nepal. He added that the collaboration with the globally renowned infrastructure development consultant will certainly help to materialize this vision to develop the first smart city in Nepal which will be a model for replicating in other parts of the country.

On behalf of Panchkhal Municipality, Spokesperson Mr. Lama thanked NIFRA for taking initiatives since the beginning to develop the Panchkhal Smart City. He said that the municipality is committed to providing all support that is required for the development of a smart city in Panchkhal.

Mr. Mohiuddin Mahmud, Deputy Chief Operating Officer- South Asia and Central Asia, from SMEC said the professional experience of SMEC and SJ in developing smart cities will be instrumental for development of the Panchkhal Smart city soon.

# नेपाल इन्फ्रास्ट्रक्चर बैंक र **सिंगापुर स्थित** सुरबाना जुरोङ (**SJ**) समूहको सदस्य एसएमईसी इन्टरनेशनल प्राइभेट लिमिटेड (**SMEC**) बीच पाँचखाल स्मार्ट सिटी विकास सम्बन्धमा समझदारीपत्र (**MoU**) मा हस्ताक्षर भयो




पाँचखाल नगरपालिकामा स्मार्ट सिटीको विकास गर्ने प्रयोजनको लागि नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) र **सिंगापुर स्थित** सुरबाना जुरोङ (SJ) समूहको सदस्य एसएमईसी इन्टरनेशनल प्राइभेट लिमिटेड (SMEC) बीच आज एक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । निफ्राका प्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडा र एसएमईसीका कन्ट्री हेड सलिम जहाँ फहिमले आ-आफ्नो कम्पनीको प्रतिनिधित्व गर्दै निफ्राको कार्यालयमा आयोजित एक कार्यक्रमका बीच उक्त समझदारीपत्र (MoU) मा हस्ताक्षर गर्नुभयो । उक्त कार्यक्रममा निफ्राका उच्च व्यवस्थापनका पदाधिकारीहरु, SMEC का पदाधिकारीहरु सहित पाँचखाल नगरपालिकाका प्रवक्ता संजय लामाको उपस्थिति रहेको थियो ।

समझदारी पत्रअनुसार, सिंगापुरस्थित ग्लोबल शहरी पूर्वाधार परामर्श फर्म सुरबाना जुरोङ (SJ) समूहको सदस्य एसएमईसीले प्रस्तावित स्मार्ट सिटीको निर्माण गर्न आवश्यक हुने प्रारम्भिक अध्ययन, परियोजनाको संरचनागत खाका एवं अन्तरास्ट्रिय सफल अभ्यासहरु अध्ययन विश्लेषण सम्बन्धि कार्यहरुमा सहकार्य गर्नेछ । निफ्राले सहकार्यका दौरान एसजेलाई आवश्यक सहजीकरण गर्नेछ । त्यस्तै निफ्राले स्मार्ट सिटी विकासका लागि अन्य सरोकारवालाहरूसँगको समन्वयमा निफ्राको अगुवाईमा आवश्यक लगानी जुटाउने कार्य गर्नेछ ।

पाँचखाल नगरपालिकाले नगरपालिकाका जग्गाधनीसँगको समन्वयमा जग्गा प्राप्ति गर्न आवश्यक सहजीकरण र सहकार्य गर्ने छ । यस प्रकारको नेपालकै पहिलो परियोजना पाँचखाल स्मार्ट सिटीले करिब ५५०० रोपनी क्षेत्रफल ओगटने छ । स्मार्ट सिटीको विकासका लागि निफ्राले पाँचखाल नगरपालिकासँग छुट्टै समझदारीपत्रमा हस्ताक्षर गरिसकेको छ ।

यसै कार्यको लागी Market Study सम्बन्धि कार्य गर्न निफ्राले अमेरिका स्थित परामर्शदाता कम्पनी जोन्स लाङ लासेल प्रोपर्टी कन्सल्टेन्ट्स प्राइभेट लिमिटेड (JLL) सँग सम्झौता गरेको छ । उक्त कम्पनीले सो कार्य आव कोआठ हप्ता भित्र समपन्न गरि प्रतिवेदन पेश गर्ने तय भएको छ ।

उक्त कार्यक्रममा निफ्रा का प्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडा, SMEC का सलिम जहाँ फहिमले र पाँचखाल नगरपालिकाका प्रवक्ता संजय लामाले आफ्नो मन्तव्य राख्दै यस कार्यमा हरसम्भव प्रयास र सहकार्य गर्ने प्रतिवद्धता जाहेर गर्नु भयो ।